नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## भक्तपुर

पत्र संख्याः- ०७७/७८

चलानी नं.:-

मितिः २०७८।०१।२१

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

## भक्तपुरका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

विश्वभरी फैलिदैं गईरहेको नयाँ भेरियन्टको कोभड-१९ महामारी नेपालमा समेत फैलिएकोमा काठमाडौं उपत्यकामा संक्रमण दर तीव्ररुपमा बढिरहेको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार मन्त्रिपरिषदको निर्णय, संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०१/१६ गते देखि लागू गरिएको निषेधाज्ञालाई मिति २०७८/०१/२२ गते राती १२ बजे देखि २०७८/०१/२९ गते राती १२ बजेसम्म भक्तपुर जिल्लाभर लागू हुने गरी निरन्तरता दिइएको व्यहोरा अनुरोध छ ।यो आदेशको पालना गर्नु गराउनु सबै व्यक्ति/संघ संस्था/पेशाकर्मी/व्यवसायी तथा आमनागरिकको कर्तव्य हुनेछ र यो आदेशको उल्लंघन गरेमा प्रचलित कानून अनुसार कारवाही हुने व्यहोरा समेत सम्वन्धित सबैमा जानकारी गराइन्छ ।

तपसिल

१. सर्वसाधारणको आवतजावतको हकमा

क. औषधी, खाद्यवस्तु तथा अन्य अत्यावश्यक उपभोग्य वस्तु वा सेवा खरिदको कामका साथै अत्यावश्यक सेवा लिनु पर्दा बाहेक कुनै पनि व्यक्ति घर वाहिर ननिस्किने ।

ख. दुई व्यक्ति वीच कम्तीमा २ मिटरको भौतिक दूरी कायम राख्ने ।

ग. अनिवार्य रुपले मास्कको प्रयोग गर्ने। पटक पटक सावुन पानीले हात धुने र सेनिटाइजरको प्रयोग गर्ने ।

२. सभा सम्मेलनको हकमा

क. सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, डान्सबार, दोहरी, नाचघर, क्लव, स्वीमिङ पुल, सपिङ मल, मनोरञ्जन स्थल, सैलून, ब्यूटी पार्लर, हेल्थक्लब, फुटसल, जिमखाना, पुस्तकालय, संग्रहालय, चिडियाखाना रंगशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम सञ्चालन गर्न नपाइने ।

ख. विवाह व्रतबन्धको हकमा बढीमा १५ जनासम्म स्वास्थ्य मापदण्डको अनिवार्य पालना गर्ने गरी जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिएर मात्र गर्ने ।

ग. नित्य पूजा बाहेकका सम्पूर्ण धार्मिक, साँस्कृतिक गतिविधिहरु संचालन गर्न नपाइने ।

मुकेश कुमार केशरी
सहायक प्रमुख जिल्ला अधिकारी

वेभसाइटः daobhaktapur.moha.gov.np ईमेलः daobhaktapur@gmail.com ☎ ६६१४४३७, ६६१४८०१, ६६१०१०६ ६६१४६०७

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

३. सार्वजनिक एवं निजी सवारी साधन सञ्चालनको हकमा

क. सार्वजनिक एवं निजी सवारी साधन सञ्चालनमा मिति २०७८/०१/२२ गते राती १२ बजे देखि मिति २०७८/०१/२९ गते राती १२:०० बजेसम्म भक्तपुर जिल्लाभर रोक लगाउने।

ख. अत्यावश्यक सामग्री बोकेका ढुवानीका सवारी साधन, बिरामी तथा कुरूवा (बढीमा २ जना) बोकेका एम्बुलेन्स, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन बाहेक अन्य सवारी साधन भक्तपुर जिल्ला भित्र प्रवेशमा रोक लगाउने ।

ग. अत्यावश्यक सेवाहरु जस्तै एम्वुलेन्स, खानेपानी, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफूल, दूध तथा दुग्धजन्य पदार्थ र सोको प्याकिङ सामग्री, ईन्धन, खाना पकाउने ग्यास, बैङ्क, वित्तीय संस्था, बीमा, दूरसंचार, इन्टरनेट, क्वारेन्टाइन, आइसोलेसन, फोहोरमैला व्यवस्थापन, सरसफाईमा प्रयोग गरिने साबुन/स्यानिटाइजर, कुरियर तथा डाँक सेवा, प्रिन्ट तथा सरकारी छापाखाना लगायतका ढुवानी तथा यातायातका साधनमा विषय उल्लेख गरी संचालन गर्न पाउने ।

घ. अत्यावश्यक सेवा बाहेकका सरकारी कार्यालय, सार्वजनिक संस्था संस्थान, बिमा लगायतका कार्यालयहरु एक चौथाइ कर्मचारीमात्र उपस्थित हुने गरी सञ्चालन गर्न गराउन व्यवस्था मिलाउने।

ङ. सरकारी कार्यालयको हकमा मन्त्रालयको सचिव वा विभागीय प्रमुखद्वारा जारी गरेको सवारी पास र परिचय-पत्रका आधारमा आवातजावत गर्ने।

च. सार्वजनिक संस्था/संस्थानको हकमा सम्वन्धित प्रमुखले जारी गरेको सवारी पास र परिचय पत्रको आधारमा आवत जावत गर्ने ।

छ. बैंक तथा वित्तीय संस्थाको हकमा काठमाडौ उपत्यकामा २५ प्रतिशत शाखा कार्यालयहरु मात्र खुल्ला गर्ने र केन्द्रीय कार्यालयहरुले २० प्रतिशत मात्र जनशक्ति प्रयोग गरी कार्य संचालन गर्ने व्यवस्था मिलाउने । सो को विवरण नेपाल राष्ट्र बैंक र जिल्ला प्रशासन कार्यालयलाई दिने ।

ज. बैंक तथा वित्तीय संस्थाका सवारी साधन संचालनको हकमा सीमित सवारी पास जारी गरी सो को विवरण नेपाल राष्ट्र बैंक र जिल्ला प्रशासन कार्यालयलाई दिने ।

झ. विकास निर्माण सम्वन्धमा सम्वन्धित आयोजनाहरुले नै आवासीय कामदार राखी अनिवार्यरुपले स्वास्थ्य मापदण्ड पालना गरी कार्य सञ्चालन गर्ने गराउने तथा निर्माण सामाग्री ढुवानी राती १० बजेदेखि बिहान ४ बजेसम्म मात्र आवतजावत गर्ने ।

ञ. अन्तर्राष्ट्रिय उडानबाट विदेश जाने यात्रुहरुको हकमा हवाई टिकट, पासपोर्ट, भिषा हुनेहरुलाई सिधै एयरपोर्ट जाने सवारी साधनको हकमा सहजीकरण गरिने ।

मुकेश कुमार केशरी
सहायक प्रमुख जिल्ला अधिकारी

वेभसाइट: daobhaktapur.moha.gov.np ईमेल: daobhaktapur@gmail.com ☎ ६६१४३३७, ६६१४८०१, ६६१०९०६ 🖷६६१४६०७

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय भक्तपुर

ट. माथि उल्लेखित बाहेक अन्य अत्यावश्यक काम (अस्पताल आउने जाने बिरामी र कुरुवा, मृत्यु संस्कारमा अनिवार्य रुपमा सहभागी हुनु पर्ने अवस्था) का लागि सवारी साधन प्रयोग गर्नुपरेमा प्रमुख जिल्ला अधिकारीबाट जारी हुने अनुमति पास लिनु पर्ने ।

४. औषधी तथा स्वास्थ्य सामाग्री सम्वन्धि पसल जुनसुकै समय निर्वाध रुपमा संचालन गर्न पाइने।

५. अत्यावश्यक खाद्य सामग्रीको हकमा

क. अत्यावश्यक खाद्य सामाग्रीका पसल, व्यवसाय र डिपार्टमेन्ट स्टोर (खाद्य सामाग्री मात्र बिक्री गर्ने प्रयोजनको लागि) बिहान ९ बजेसम्म मात्र खुला गर्ने। स्थानीय ढुवानीका हकमा बिहान १० बजेसम्म मात्र गर्ने ।

ख. खाद्य सामग्री, ग्रोसरी पसल, औषधि पसल जस्ता अत्यावश्यक सेवाका व्यवसाय संचालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गर्ने ।

६. पत्रकार तथा सञ्चारकर्मीलाई सूचना विभागको प्रेस पासका आधारमा आवत जावतमा सहजीकरण गर्ने ।सूचना विभागको प्रेस पास नभएका संचारकर्मी/कर्मचारीको हकमा सम्वन्धित संचार गृहहरुले न्यूनतम कर्मचारीहरु मात्र खटाउने र सो को विवरण जिल्ला प्रशासन कार्यालयमा उपलव्ध गराउने

७. निलो प्लेटका सवारी साधनको हकमा परिचय वाहक पदाधिकारी तथा कर्मचारीलाई सवारी पास आवश्यक नपर्ने ।

८. प्रिन्टिङ प्रेसमा काम गर्ने, सुरक्षा सम्बद्ध कर्मचारी तथा औषधी आपूर्ति गर्ने परिचय वाहक व्यक्तिको हकमा सम्बद्ध निकाय तथा आपूर्ति कर्ताको अनुमतिपत्र भए सवारी पास नचाहिने।

९. फुटपाथ तथा खुल्ला ठाँउ तथा ठेलागाडा वा साइकलमा संचालन हुने विभिन्न व्यापार व्यवसाय संचालन एवं कवाडी संकलन गर्न रोक लगाउने ।

१०. उपत्यका बाहिर जानका लागि सम्वन्धित स्थानीय तहले अनिवार्यरुपले १० दिन क्वारेन्टाइन राख्ने प्रतिवध्दता सहितको सिफारिसका आधारमा गन्तव्यस्थलमा जान दिने ।

११. <u>काठमाडौ उपत्यका प्रवेश गर्ने व्यक्तिहरुले अनिवार्य रुपमा स्थानीय तहले तोकेको क्वारेन्टाइन र होम आइसोलेसनमा वस्नु पर्ने ।</u>

१२. अत्यावश्यक बाहेकका अन्य सार्वजनिक सेवाहरु मिति २०७८ बैशाख २९ गतेसम्म स्थगन गर्ने ।

१३. यस अघि जारी गरिएका सम्पूर्ण सवारी पास खारेज गर्ने।

२०७८/१/२९

मुकेश कुमार केशरी
सहायक प्रमुख जिल्ला अधिकारी

वेभसाइटः daobhaktapur.moha.gov.np ईमेलः daobhaktapur@gmail.com ☎ ६६१४४३७, ६६१४८०१, ६६१०१०६ ६६१४६०७